नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, जेठ १५ गते, २०७८ साल (अतिरिक्ताङ्क २०

भाग ३

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना १

मूल्य अभिवृद्धि कर (तेइसौं संशोधन) नियमावली, २०७८

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (तेइसौं संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग. मा संशोधनः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ग. को उपनियम (१) मा रहेका "पचास प्रतिशतले" भन्ने शब्दहरुको सट्टा "तीस प्रतिशतले" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ७ख. मा संशोधनः** मूल नियमावलीको नियम ७ख. मा रहेका "संवत् २०७८ असार मसान्तभित्र" भन्ने शब्दहरु झिकिएका छन् ।

४. **मूल नियमावलीको नियम २३ मा संशोधनः** मूल नियमावलीको नियम २३ को उपनियम (१) को,-

(१) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) अनुसूची-८ बमोजिमको खरिद खाता,"

(२) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

"(ज) अनसूची-९ बमोजिमको बिक्री खाता ।"

५. **मूल नियमावलीको नियम २५ मा संशोधनः** मूल नियमावलीको नियम २५ को सट्टा देहायको नियम २५ राखिएको छः-

"२५. **खरिद तथा बिक्री खाता प्रमाणित सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १६ को उपदफा (३) बमोजिम खरिद तथा बिक्री कारोबारको प्रत्येक कर अवधिको अभिलेख करदाता स्वयंले प्रमाणित गरेको खरिद तथा बिक्री खातामा राख्नु पर्नेछ।

(२) विद्युतीय माध्यमबाट बीजक जारी गर्न अनुमति लिएको करदाता वा विभागले तोकेको अन्य करदाताले नियम २६ बमोजिम प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा खरिद तथा बिक्री कारोबारको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण विभागले तोकेको ढाँचामा विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ ।"

६. **<u>मूल नियमावलीको नियम २६ मा संशोधनः</u>** मूल नियमावलीको नियम २६ को उपनियम (३ख) मा रहेका "पर्यटन, चलचित्र घर तथा ढुवानी व्यवसायीले" भन्ने शब्दहरुको सट्टा "पर्यटन तथा चलचित्र घरले" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>मूल नियमावलीको नियम ३१ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको छः-

"**३१. <u>कागजातको तामेलीः</u>** (१) ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै पनि कागजात देहायको अवस्थामा सो व्यक्तिलाई रीतपूर्वक दिएको वा बुझाएको मानिनेछः-

(क) कुनै व्यक्तिको ठेगानामा फ्याक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत पठाएको,

(ख) व्यक्तिगत रुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, वा

(ग) व्यक्तिको थाहा भएसम्मको आवास, कार्यालय, व्यवसाय वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(२) विभागको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस नियम बमोजिम तामेल गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कागजात तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सकिनेछ। त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ ।"

८. <u>मूल नियमावलीको नियम ३९क. मा संशोधनः</u> मूल नियमावलीको नियम ३९क. को,-

(१) उपनियम (१) मा रहेका "हानि नोक्सानी हुन गई" भन्ने शब्दहरुको सट्टा "हानि नोक्सानी भएमा वा उपयोग गर्ने म्याद सकिएको कारणले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "हानि नोक्सानी भएको देखिएमा कर अधिकृतले त्यस्तो हानि नोक्सानी भएको" भन्ने शब्दहरुको सट्टा "हानि नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको देखिएमा कर अधिकृतले त्यस्तो हानि नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको" भन्ने शब्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. <u>मूल नियमावलीको नियम ४१ मा संशोधनः</u> मूल नियमावलीको नियम ४१ को उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) सवारी साधनको लागि पेट्रोल ।"

१०. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको अनुसूची-८ र अनुसूची-९ को सट्टा संलग्न बमोजिमका अनुसूची-८ र अनुसूची-९ राखिएका छन् ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-८

(नियम २३ को उपनियम (१) को खण्ड (छ) सँग सम्बन्धित)

खरिद खाता

करदाताको नामः .... करदाता दर्ता नं. | | | | | | | | | |

कर अवधिः महिना .... साल ....

बीजक/प्रज्ञापनपत्र नं.						जम्मा खरिद मूल्य (रू.)	कर छुट हुने वस्तु वा सेवाको खरिद/पैठारी मूल्य (रू.)	करयोग्य खरिद (पूँजीगत बाहेक)		करयोग्य पैठारी (पूँजीगत बाहेक)		पूँजीगत करयोग्य खरिद/पैठारी कर	
मिति	बीजक/ प्रज्ञापनपत्र नम्बर	आपूर्तिकर्ताको नाम	आपूर्तिकर्ताको स्थायी लेखा नम्बर	खरिद/ पैठारी गरिएका वस्तु वा सेवाको विवरण	खरिद/ पैठारी गरिएका वस्तुको परिमाण			मूल्य (रू.)	कर (रू.)	मूल्य (रू.)	कर (रू.)	मूल्य (रू.)	कर (रू.)
कुल जम्मा													

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-९

(नियम २३ को उपनियम (१) को खण्ड (ज) सँग सम्बन्धित)

बिक्री खाता

करदाताको नामः .... करदाता दर्ता नं. [| | | | | | | | |]

कर अवधिः महिना .... साल ....

बीजक						जम्मा	स्थानीय	करयोग्य बिक्री		निकासी			
मिति	बीजक नम्बर	खरिदकर्ताको नाम	खरिदकर्ताको स्थायी लेखा नम्बर	वस्तु वा सेवाको नाम	वस्तु वा सेवाको परिमाण	बिक्री/निकासी मूल्य (रू.)	कर छुटको बिक्री मूल्य (रू.)	मूल्य (रू.)	कर (रू.)	निकासी गरेको वस्तु वा सेवाको मूल्य (रू.)	निकासी गरेको देश	निकासी प्रज्ञापनपत्र नम्बर	निकासी प्रज्ञापनपत्र मिति
कुल जम्मा													

नोटः विद्युतीय माध्यमबाट बीजक जारी गर्ने करदाता बाहेक अन्य करदाताले खरिद तथा बिक्री खातामा मालवस्तुको विवरण र परिमाण उल्लेख गर्दा एउटा बिलमा दुई भन्दा बढी फरक मूल्य र प्रकारका मालवस्तु खरिद बिक्री भएमा र खुद्रा बिक्रेता भएमा एकमुष्ठ रूपमा बिलको रकम प्रविष्टि गर्न सकिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

अन्तःशुल्क (बाइसौं संशोधन) नियमावली, २०७८

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अन्तःशुल्क (बाइसौं संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ख. मा संशोधनः** अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ख. को सट्टा देहायको नियम ६ख. राखिएको छः-

"६ख. **कागजातको तामेलीः** (१) ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै कागजात देहायको अवस्थामा सो व्यक्तिलाई रीतपूर्वक दिएको वा बुझाएको मानिनेछः-

(क) कुनै व्यक्तिको ठेगानामा फ्याक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत पठाएको,

(ख) व्यक्तिगत रुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, वा

(ग) व्यक्तिको थाहा भएसम्मको आवास, कार्यालय, व्यवसाय वा अन्य ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(२) विभागको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस नियम बमोजिम तामेल गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कागजात तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सकिनेछ । त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ।"

३. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची-२ को,-

(१) सि.नं. २ को खण्ड (क) को बुँदा नं. (६) मा रहेका "रेष्टुरेन्ट तथा रिसोर्ट" भन्ने शब्दहरुको सट्टा "रेष्टुरेन्ट, रिसोर्ट तथा पार्टी प्यालेस" भन्ने शब्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सि.नं ३ को खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छः-

"(ठ)	खण्ड (क) देखि (ञ) सम्म उल्लेख नभएका तर पैठारी गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरु पैठारी गर्नेको लागि	१२,०००।-"

आज्ञाले,
शिशिरकुमार ढुङ्गाना
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।